GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

एक गाउँ एक उत्पादन, घर घरमा तरकारी ।
आत्मनिर्भरताको लागि प्रविधि सहितको सक्षम सहकारी ॥

# सहकारी: आत्मनिर्भरताको बाटो......



ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण

RVWRMP

FCG

## सहकारी के हो ?

सहकारी संस्था संयुक्त तथा लोकतान्त्रिक रुपमा नियन्त्रित व्यवसाय मार्फत साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता तथा आकांक्षाहरु परिपूर्ति गर्न स्वेच्छिक रुपमा एकजुट हुने व्यक्तिहरुको स्वायत्त संगठन हो ।

सहकारी संस्था स्थानीय समुदायमा आधारित प्रारम्भिक संस्थाहरुमा संगठित व्यक्तिहरु, प्रारम्भिक संस्थाहरु मिलेर बनेको जिल्ला संघहरु, त्यसपछि केन्द्रीय संघ तथा राष्ट्रिय सहकारी संघहरुको संगठित संरचना देशभित्रको सहकारी सञ्जाल हो । सहकारी आन्दोलनलाई कानून सम्मत, व्यवस्थित, सुदृढ र राज्यको आर्थिक लक्षमा सहयोगी बनाउने कार्यको लागि राज्यले आफ्नो छुट्टै संरचना मार्फत सहकारी आन्दोलनको विकासमा काम गरिरहेको छ । सहकारी पद्धति एउटा व्यापक विश्वव्यापी अभियान हो । विश्वको सहकारी अभियानको नेतृत्व निकाय अन्तर्राष्ट्रिय सहकारी अलायन्स (International Cooperative Alliance, ICA) को एशिया प्यासिफिक क्षेत्रीय संगठन र यस अन्तर्गतका विषयगत संगठनहरु मार्फत हाम्रो सहकारी अभियान विश्वको एउटा भाग हो । सरकार र सहकारी आन्दोलनका केन्द्रीय संघ तथा राष्ट्रिय संघ मार्फत विश्व सहकारी आन्दोलनसँग नेपालको सहकारी आन्दोलनको ईतिहास जीवित छ ।

हाल नेपालको संविधान २०७२ को भाग ४ **को दफा ५१** मा **सार्वजनिक, निजी र सहकारी** क्षेत्रको माध्यमबाट मलुकको अर्थतन्त्रको विकास गर्ने नीति अवलम्बन गरिने र सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने भन्ने व्यवस्था रहेको र अन्तरिम आवधिक योजना तथा वार्षिक बजेटले समेत सहकारीलाई अर्थतन्त्रको तेश्रो खम्बाको रुपमा स्वीकार गरिसकेकोले अब सहकारीको क्षेत्रमा नवकिरणहरु देखा पर्न थालेको कुरा महशुस गर्न थालिएको छ । त्यसै गरी राष्ट्रिय सहकारी निति २०६९ मा मुलुकको दिगो र समतामूलक आर्थिक विकास तथा अग्रगामी समाजिक रुपान्तरणका लागि सबल र सक्षम सहकारी प्रणालीको रुपमा लिएको छ ।

सहकारी मुल्य मान्यता र सिद्धान्त अनुरुप देशका कृषक, कालिगढ, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माँझ छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकिकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वसासित सँगठनको रुपमा सहकारी सँस्थाहरुको प्रवर्द्धन नियमन गर्न, सहकारी खेती, उद्योग, बस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवं समाजबाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको बिकास गर्न सहकारी सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकिकरण गरी समयानुकुल बनाउन वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २९६ को उपधारा १ बमोजिम व्यवस्थापिका संसदले सहकारी संघीय ऐन २०७४ बनाएको हो । त्यसै गीर सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ को आधारमा प्रदेशीय तथा स्थानीय सहकारी ऐन तथा कार्यविधिहरु निर्माण गरी सो को आधारमा सहकारी संस्थाहरु दर्ता तथा विनियम तथा अन्य आन्तरिक कार्यविधिहरु संशोधन गरिएका छन् ।

## सहकारी किन ?

सुविधायुक्त सुधारिएको जीवन यापनको लागि शेयर सदस्यहरुको आवश्यकता अनुसार विभिन्न प्रकारका सेवाहरुमा पहुँच बृद्धि गर्न सहकारी संस्थाको आवश्यकता महशुस गरिएको छ ।




## सहकारी विकासका लागि परियोजनाबाट गरिएका प्रयासहरु

योजनाहरुको दिगोपना व्यवस्थापन, आयआर्जन तथा जीविकोपार्जनमा सुधार, गरिबी न्यूनीकरण, सरल वित्त सेवा उपलब्ध र स्थानीय स्तरमा एउटा दिगो भरपर्दो र सक्षम सहकारी संस्था स्थापनाको लागि परियोजनाले कार्यरत क्षेत्रमा सामाजिक परिचालनको मुख्य मूल मन्त्र (संगठन, पुजी, सीप) को माध्यमबाट समुदायस्तरमा समुह/सामुदायिक संस्था गठन, पूँजी (बचत) संकलन र विभिन्न प्रकारका क्षमता विकासको माध्यमबाट सहकारी संस्थाहरुलाई सहयोग गरेको छ । परियोजनाको पहिलो चरणमा ३ वटा जिल्लाहरुमा (बैतडी, डडेल्धुरा र दैलेख) पाइलोटिङको रुपमा ४ वटा सहकारी संस्थाहरुमा सहयोग, दोस्रो चरणमा ११ वटा सहकारी संस्थाहरु र तेस्रो चरणमा ४५ वटा सहकारी संस्थाहरु गरी हाल कर्णाली र सुदुरपश्चिम प्रदेशका १० वटा जिल्लाहरुमा ६० वटा सहकारी संस्थाहरुलाई सहयोग गरेको छ । आ.व. २०७६/७७ सम्ममा कुल शेयर पूजी रु. ७ करोड, निक्षेप (बचत) ३७ करोड, सहकारी संस्थामा १३२ वटा खानेपानी योजना, सिचाई, लघुजलविद्युत र बहुउपयोगी योजनाहरु आवद्ध र १३२ जनाले प्रत्यक्षरुपमा रोजगारीको अवसर पाएका छन् ।

# दिगो सहकारी विकास एवम् प्रबर्द्धनका चरणहरु





सहकारी विकास एवम् प्रवर्द्धनका चरणका कदमहरु

१८. अन्तर संस्था अध्ययन भ्रमण
१७. संस्थागत क्षमता विकासको मूल्यांकन
१६. लेखा, ऋण तथा कार्यालय व्यवस्थापन तालिम
१५. सहकारी व्यवस्थापन तालिम
१४. प्रारम्भिक साधारण सभा
१३. सहकारी दर्ता
१२.. तेस्रो आमभेला
११. संस्थाको विनियम र नीतिहरुको अन्तिम मस्यौदा तयारी तालीम
१०. संस्थाको विनियम र नीतिहरुको मस्यौदा वडास्तरीय छलफल
९. सहकारी दर्ता तथा नीतिनिर्माण तालीम
८. दोस्रो आमभेलाको आयोजना तथा तदर्थ समिति गठन
७. वडास्तरीय सहकारी सम्बन्धि सचेतना कार्यक्रम
६. **सधैलईस** व्यक्तिहरुलाई सहकारी विकास सम्बन्धि प्रशिक्षक प्रशिक्षण तालीम
५. स्थानीय स्वयम सेवकहरुलाई १५ दिने सेवा प्रवेश स्थलगत तालिम
४. जनशक्ति व्यवस्था – स्थानीय स्वयम सेवक छनौट
३. **सधैलईस** व्यक्तिद्धारा पदपूर्ति समितीको गठन
२. प्रथम प्रारम्भिक भेलाको आयोजना तथा **सधैलईस** व्यक्तिको छनौट *(स : सहनशील, धै : धैर्यवान, ल : लगनशील, ई : ईमान्दारी, स : सहयोगी )*
१. गाउँपालिका संग छलफल तथा समन्वय

## सहकारी विकास प्रक्रिया



## सहकारी प्रबर्द्धनका सिकाईहरु

१. चरणबद्ध क्षमता विकास तालिमहरु
२. सहकारी विकासका लागि चरणबद्ध खुट्किलाहरु
३. विनियम तथा आन्तरिक कार्यविधिहरु निर्माण तथा कार्यान्वयन
४. नियमित अनुगमन
५. स्थानीय, जिल्ला, प्रदेश र राष्ट्रिय स्तरका सरोकारवालाहरुसंग समन्वय तथा सम्बन्ध विस्तार
६. प्राविधिक तथा आर्थिक सहयोग
७. बार्षिक तथा अर्धबार्षिक खाताबन्दीमा सहयोग
८. व्यवसायिक योजना निर्माण तथा कार्यान्वयनमा सहयोग
९. समुह तथा सामुदायिक संस्थामा आधारित सहकारी संस्था प्रवर्द्धन
१०. सहकारी संस्थाका विनियम तथा कार्यविधिहरु समय सापेक्ष अद्यावधिक
११. सहकारी मार्फत मूल्य श्रृङखलाका क्रियाकलापहरु सञ्चालन
१२. सहकारी संस्थाहरुलाई व्यवसायमुलक क्रियाकलापहरु तथा बजारीकरणमा जोड
१३. सहकारी संस्थाहरुको पदाधिकारीहरुलाई सिकाई आदान प्रदान गोष्ठी तथा अवलोकन भ्रमण
१४. कम्प्यटर तथा एकाउन्ट सप्टवयरमा सहयोग
१५. विद्युत्तीय वित्तीय सेवामा सहयोग

### खानेपानी, सरसफाइ तथा स्वच्छताको दिगो सेवा व्यवस्थापन र जीविकोपार्जन प्रवर्द्धनको अन्तरसम्बन्ध




# सम्पर्क

**परियोजना सहयोग इकाई:**

अमरगढी नगरपालिका - ५, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल
फोन: + ९७७ -९६-४१०४१३/४१०४१४
फ्याक्स: + ९७७ -९६-४१०४१५
ईमेल: info@rvwrmp.org.np
www.rvwrmp.org.np

**सम्पर्क कार्यालय:**

मानभवन, जावलाखेल, ललितपुर , नेपाल
फोन: + ९७७-१- ५५५०६२८/५५४३३०१
फ्याक्स: + ९७७-१-५५२१४१७

प्राविधिक सहयोग इकाईहरु: अछाम,, बैतडी, बझाङ्ग, बाजुरा, डडेल्धुरा, दैलेख, दार्चुला, डोटी, हुम्ला र कैलाली

“यो सामग्री युरोपेली संघ र वैदेशिक मामिला मन्त्रालय, फिनल्याण्ड समेतको आर्थिक सहयोगमा उत्पादन गरिएको हो। यसमा व्यक्त गरिएका दृष्टिकोणहरुले युरोपेली संघ वा वैदेशिक मामिला मन्त्रालय, फिनल्याण्डको आधिकारिक धारणा प्रतिबिम्बित गर्दैन।”